का.जि.प्र.का.द.नं. १००/०५९/६०
६ फागुन २०८२
बुधबार
18 February 2026
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २७। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जिते पनि संसद् बाहिरै

## जो अदालतको तारिख र चुनावी प्रचारमा एकसाथ देखिन्छन्



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ५ फागुन

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल यसपटक पनि रौतहट निर्वाचन क्षेत्र नं. १ बाट उम्मेदवार छन्। चुनावी प्रचारमा रहेका नेपाललाई अदालतको तारिखसमेत हेरिरहनुपरेको छ।

पतञ्जली योगपीठ तथा आयुर्वेद कम्पनी नेपालको जग्गा हिनामिना प्रकरणमा पूर्वप्रधानमन्त्री नेपालसहित विरुद्धको भ्रष्टाचार मुद्दा विशेष अदालतमा विचाराधीन छ। मंगलबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट, न्यायाधीशहरू हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको इजलासमा यो मुद्दाको सुनुवाइका लागि पेसी तोकिएको थियो। तर अन्तिममा 'हेर्न नभ्याउने'मा पर्‍यो।

माधव नेपाल विघटित प्रतिनिधिसभा सदस्य थिए। यही मुद्दा लागेसँगै निलम्बनमा परेका थिए। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पतञ्जली जग्गा प्रकरणमा माधव नेपालसहित ९३ जनालाई प्रतिवादी बनाएर विशेष अदालतमा दायर गरेको मुद्दा विचाराधीन छ। यो मुद्दा नटुंगिएसम्म नेपालले चुनाव जिते पनि सांसद्को हैसियतमा काम गर्न पाउने छैनन्।

२१ फागुनको निर्वाचनमा माधव नेपाल जस्तै चुनाव जितेर पनि सांसद्को हैसियतमा काम गर्न नपाउने अन्य उम्मेदवारहरू पनि छन्। निर्वाचनसम्बन्धी ऐनले फौजदारी मुद्दा लागेका, भ्रष्टाचारको मुद्दा लागेका व्यक्तिलाई उम्मेदवार बन्ने छुट दिएको छ। तर यस्ता अभियोग लागेका व्यक्तिले सांसदको हैसियतमा काम गर्न नपाउने प्रावधान छ।

> निर्वाचनसम्बन्धी ऐनले फौजदारी मुद्दा लागेका, भ्रष्टाचारको मुद्दा लागेका व्यक्तिलाई उम्मेदवार बन्ने छुट दिएको छ। तर यस्ता अभियोग लागेका व्यक्तिले सांसदको हैसियतमा काम गर्न नपाउने प्रावधान छ।

यस्तै उम्मेदवार हुन्- रवि लामिछाने। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति समेत रहेका लामिछाने चितवन निर्वाचन क्षेत्र नम्बर २ बाट उम्मेदवार छन्। तर लामिछानेविरुद्ध सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दामा विभिन्न अदालतमा मुद्दा विचाराधीन छ। लामिछाने पनि विघटित प्रतिनिधिसभा सदस्य थिए। दुई पटकसम्म उपप्रधन तथा गृहमन्त्री भए। तर सम्पत्ति शुद्धीकरणको मुद्दा अदालतमा दायर भएसँगै सांसद पदबाट निलम्बनमा परेका थिए। उनीविरुद्धको उक्त अभियोग कायमै छ।

लामिछानेलाई सरकारले सहज हुने गरी संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ताको प्रक्रियासमेत अगाडि बढाएको छ। महान्यायाधिवक्ताले गत पुस ३० गते संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिएपछि त्यसअनुसार जिल्ला अदालतमा मुद्दा संशोधनको प्रक्रिया अगाडि बढेको छ। तर महान्यायाधिवक्ताको कार्यालयको निर्णयविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परिसकेको छ भने जिल्ला अदालतले समेत मुद्दा संशोधनका लागि सरकारी वकिलको कार्यालयले दिएको निवेदन स्वीकार गरेको छैन। यथास्थितिमा लामिछानेले चुनाव जिते पनि सांसदको रुपमा काम गर्न भने पाउने छैनन्।

लामिछाने अहिले पनि अदालतको तारिख धाइरहेका छन्। चुनावी प्रचारमा त छँदैछन्।

मनाङबाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार टेकबहादुर गुरुङ पनि भ्रष्टाचार मुद्दामा >>> पृष्ठ २ मा

# प्रांगारिक मल बनाउँदै सामुदायिक वन उपभोक्ता

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ५ फागुन

रासायनिक मल अभाव बढ्दै गएपछि अर्घाखाँचीका सामुदायिक वनले प्रांगारिक मल बनाउन सुरु गरेका छन्। सरकारले रासायनिक मल खरिदका लागि आर्थिक वर्ष २०८२/८३ मा २८ अर्ब ८२ करोड १४ लाख रुपैयाँ बजेट छुट्याएको छ। तर मलको हाहाकार हरेक वर्ष कृषकहरुले भोग्दै आएका छन्।

रासायनिक मलको अभावलाई परिपूर्ति गर्न पावर सामुदायिक वनले खेर जाने जंगलको पातबाट प्रांगारिक मल उत्पादन सुरु गरेको हो। वनले प्रागारिक मल उत्पादनगरी स्थानीयलाई रोजगारी समेत दिइरहेको छ। रासायनिक मलको अभावले हैरान भइरहेका किसानहरु सामुदायिक वनसँग समन्वय गरेर प्रांगारिक मल बनाउने आभियान सुरु गरेको हो।

सामुदायिक वन उपभोक्ता समितिहरूको अग्रसरतामा शितगंगाको पावर सामुदायिक वन उपभोक्ता समिति, बुद्ध सामुदायिक वन उपभोक्ता समिति, चारपोखरी सामुदायिक वन उपभोक्ता समिति, देउराली सामुदायिक वन उपभोक्ता समिति र वाणगंगा सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारी स्थानीयउपभोक्ताले पात बटुल्ने, प्लान्टसम्म पुऱ्याउने र मल उत्पादनमा सहयोग गर्ने गरेको बुद्ध सामुदायिक वनकी अध्यक्ष माया पुनले बताइन्।

शितगंगा नगरपालिकाका नगरप्रमुख छबिलाल पौडेलले रासायनिक मल अभाव चर्किदा किसानले प्रांगारिक मल प्रयोग गर्न सकिने बताँउछन्। जंगलको पातबाट मल बनाउने अभियानले किसानका साथै जिल्लाकै उत्पादन र समृद्धि हुने उनको भनाइ छ।

शितगंगा-१४ का वडा अध्यक्ष दामोदर न्यौपानेले पाँच वटा सामुदायिक वनबाट ३३ हजार किलोभन्दा बढी पातपतिंगर संकलन भएको बताए। रासायनिक मलको संकटले हैरान भएका किसानका लागि पावरा सामुदायिक वन र डिभिजन वन कार्यलयको नमुना अभ्यासले किसान समेत खुसी छन। उपभोक्ताले वनभित्र फायरलाइन निर्माण गरिसकेका छन् भने यस वर्ष वनभरिका पात बढारेर बोरा र डोकोमा बोकेर प्लान्टसम्म ल्याएउने तयारीमा गरिरहेका छन्। 'पहिले पात खेर जान्थ्यो, अहिले मल बन्छ,' स्थानीय भक्त बहादुर पल्ली भन्छन्, 'वन सफा हुन्छ, वातावरण जोगिन्छ, उत्पादन बढ्छ–सबैलाई फाइदा भएको छ।'

डिभिजन वन कार्यालय अर्घाखाँचीको सहयोगमा पावर वनभित्रै पात प्रशोधन गर्ने प्लान्ट स्थापना गरिएको छ। वन कार्यालयका प्रवक्ता केशव खड्काका अनुसार पातलाई टुक्र्याउन दुईवटा मेसिन जडान गरिएको छ। मेसिनबाट धुलो बनाइएका पातलाई १५ दिनसम्म पोखरीमा कुहाइन्छ, त्यसपछि ग्रेडिङ गरेर मल तयार हुने गरेको छ। डिभिजन वन अधिकृत नारायण देव भट्टराईले रासायनिक मलको अभाव भइरहेका बेला सामुदायिक >>> पृष्ठ २ मा





# १२ वर्षपछि फर्किएको खुसी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

नेपालले १२ वर्षपछि आइसिसी टी-२० विश्वकपमा ऐतिहासिक जित दर्ता गरेको छ। मंगलबार समूह 'सी' अन्तर्गतको अन्तिम खेलमा स्कटल्यान्ड राष्ट्रिय क्रिकेट टोलीलाई ७ विकेटले पराजित गर्दै नेपालले आइसिसी टी-२० विश्वकप २०२६ मा पहिलो जित हात पारेको हो। यस जितसँगै नेपालले समूह चरणको यात्रा सान्त्वना सफलतासहित टुंग्याएको छ। नेपालले सन् २०१४ मा विश्वकपमा डेब्यु गर्दा हङकङ र अफगानिस्तानलाई पराजित गरेको थियो। त्यसपछि नेपाल ६ खेलमा पराजित भएको थियो।

>>> विस्तृत पृष्ठ ७ मा

# वैदेशिक रोजगार विशेष

# माघमा बिदेसिए ७० हजार बढी कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ फागुन

मुलुक निर्वाचनको माहोलमा रहे पनि आफ्नो र परिवारको जीविकोपार्जनका लागि वैदेशिक रोजगारमा जाने युवायुवतीको संख्या घटेको छैन। माघ महिनामा वैदेशिक रोजगारीमा जान ७० हजारभन्दा बढीले श्रम स्वीकृति लिएका छन्।

माघमा वैदेशिक रोजगार विभागबाट पुनः श्रम स्वीकृति सहित ७० हजार ५ सय ३ जनाले श्रम स्वीकृति लिएका हुन्। त्यसमध्ये नयाँ ३७ हजार ८ सय १२ जनाको श्रम स्वीकृति भएको छ। जसमा ३२ हजार ८ सय ७४ पुरुष र ४ हजार ९ सय ३८ महिला छन्।

माघ महिनामा म्यानपावर कम्पनीबाट २६ हजार ८०७ जनाको नयाँ श्रम स्वीकृति भएको छ। करिब ११ हजार जना व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारमा गएका छन्।

अघिल्ला महिनामा जस्तै माघमा सबैभन्दा बढी नेपाली युनाइटेड अरब इमिरेट्स (युएई) गएका छन्। युएईका लागि १५ हजार १ सय ३७ जनाको श्रम स्वीकृति भएकोमा म्यानपावर कम्पनीले ६ हजार ५ सय ३ जना पठाएका छन्।

साउदीका लागि ११ हजार ५ सय ९२ जनाको श्रम स्वीकृति भएकोमा म्यानपावर कम्पनीले ५ हजार ४ सय ४६ जना, कतारका लागि ११ हजार ५ सय ८० को श्रम स्वीकृति भएकोमा म्यानपावर कम्पनीले ३ हजार ६ सय ३२ जना, मलेसियाका लागि १० हजार ३ सय ४१ को श्रम स्वीकृति भएकोमा म्यानपावर कम्पनीले ४ हजार ८ सय ४३ जना कामदार पठाएका छन्। कुवेतका लागि ५ हजार ४ सय ४३ को श्रम >>> पृष्ठ २ मा

### माघमा धेरै कामदार पठाउनेमा एसओएस पहिलो, दि रिभर दोस्रो र लिंक तेस्रो

काठमाडौं/मस- माघ महिनामा ६० म्यानपावर कम्पनीले एक सय र सोभन्दा बढी नेपाली कामदार वैदेशिक रोजगारीमा पठाएका छन्। त्यसमध्ये ६ सय १२ जना कामदार पठाएको एसओएस म्यानपावर सर्भिस प्रा.लि. पहिलो, ५ सय ७६ जना पठाएको दि रिभर ओभरसिज प्रा.लि. दोस्रो र ५ सय ५ जना पठाएको लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रा.लि. सूचीको तेस्रो नम्बरमा रहेको छ। >>> पृष्ठ २ मा

# गगनले छाडेपछि त्रिपक्षीय प्रतिस्पर्धा

चुनावी विश्लेषण
काठमाडौं-४


सचिव तिमल्सिना


डा. राजन भट्टराई


पुकार बम

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ५ फागुन

नेपाली कांग्रेसका सभापति गगन थापाले अघिल्ला तीन निर्वाचन जितेको काठमाडौं-४ राष्ट्रिय राजनीतिमा चर्चाको क्षेत्र हो। फागुन २१ को चुनावमा थापाले यहाँबाट उम्मेदवार छैनन्। उनको साटो ३५ वर्षीय सचिन तिमल्सेना कांग्रेसबाट उम्मेदवार छन्।

तिमल्सेनालाई उम्मेदवार बनाएर सभापति थापाले 'विरासत' जोगाउदै युवालाई संसदमा पुऱ्याउने सन्देश दिन खोजेको देखिन्छ। २०७० को दोस्रो संविधानसभा निर्वाचनमा एमालेका निर्मल कुइँकेल र माओवादीका नन्दकिशोर पुनलाई पराजित गर्दै उदाएका थापाले २०७४ र २०७९ एमाले सचिव राजन भट्टराईलाई पराजित गरेका थिए। २०७९ मा गगनले २१ हजार ३०२ मत पाउँदा भट्टराईले १३ हजार ८५५ मत ल्याएर निकटतम प्रतिष्पर्धी बनेका थिए। त्यतिबेला गगनलाई तत्कालीन माओवादी केन्द्रसहित पाँच दलीय गठबन्धनको साथ थियो। कांग्रेसकी सुप्रभा घिमिरे २०६४ मा यसै क्षेत्रबाट विजयी भएकी थिइन्। बदलिएको राजनीति परिस्थितिमा गगनको अनुपस्थितिमा यो क्षेत्रमाथि प्रतिस्पर्धी दलहरुले आँखा लगाएका छन्। उनी मधेश झरेसँगै कांग्रेसबाहेकका उम्मेदवार नतिजा आफ्नो पक्षमा ल्याउन सक्रिय छन्।

अघिल्ला चुनावमा निरन्तर निकटतम् प्रतिद्वन्द्वी रहेका एमाले सचिव डा. राजन भट्टराई यसपटक गगन अनुपस्थितिको लाभ उठाउने दाउमा छन्। उनको जितमा गगन सधै तगारो बनेका >>> पृष्ठ २ मा

प्रजातन्त्र दिवस भव्यतापूर्वक मनाऔं।

- प्रजातन्त्रको मूल मर्म मानवअधिकार र विधिको शासन हो।
- आवधिक निर्वाचन प्रजातन्त्रको आधारशिला हो।
- शक्ति पृथकीकरण, नियन्त्रण तथा सन्तुलन प्रजातन्त्रको आधार हो।
- मेलमिलाप र शान्ति प्रजातन्त्रका आधार हुन्।
- प्रतिनिधिहरुमार्फत शासनमा नागरिकहरुको सहभागिता प्रजातान्त्रिक व्यवस्थाको मर्म हो।
- प्रजातान्त्रिक आचरण, संस्कार र व्यवहारको अवलम्बन गरौं। राष्ट्रिय प्रजातन्त्र दिवस सफल पारौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जिते...

विशेष अदालतबाट दोषी ठहर भएका व्यक्ति हुन् । काठमाडौंको भृकुटीमण्डपस्थित समाजकल्याण परिषद्को स्वामित्वमा रहेको जग्गा भाडा प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले२१ माघ २०७५ मा गुरुङसहितका व्यक्तिहरूविरुद्ध मुद्दा दायर गरेको थियो । विशेष अदालतले १६ फागुन २०७९ मै गुरुङलाई दोषी ठहर गरेको थियो । जसअनुसार अदालतले गुरुङलाई एक करोड २१ लाख ८४ हजार ४ सय १ रुपैयाँ जरिवाना हुने निर्णय सुनाएको थियो ।

सजायअनुसार कारबाही नभएको भनेर अख्तियार सर्वोच्च अदालतमा पुनरावेदन लिएर गएको छ । यो मुद्दा सर्वोच्चमा विचाराधीन छ । मुद्दा विशेष अदालतमा विचाराधीन रहेकै बेला २०७९ मा पनि गुरुङ उम्मेदवार भए, चुनाव जिते, तर संसद् छिर्न पाएनन् । पछि सर्वोच्च अदालतबाट आदेश भएपछि संसदीय गतिविधिमा भाग लिएका थिए ।

अहिले सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ । यसकारण अब फेरि उम्मेदवार रहेका गुरुङले चुनाव जितेको खण्डमा सांसद्को हैसियतका काम गर्न पाउँछन् कि पाउँदैनन् भनेर सर्वोच्च अदालतले नै भनिदिनुपर्ने हुन्छ ।

सर्वोच्च अदालतले विशेष अदालतले भ्रष्टाचार मुद्दामा गरेको दोषी ठहरको निर्णय उल्ट्याएको अवस्थामा भने उनले सांसदको रूपमा काम गर्न सहजै पाउनेछन् ।

## प्रांगारिक...

वनबाट प्रागारिक मल बनाउने अभ्यास उदाहरणीय हुने र कृषि उत्पादनमा सहयोग गर्ने बताए ।

वरिष्ठ वन अधिकृत गणेश चौधरीले अर्गानिक खेतीका लागि प्रांगारिक मल उपयुक्त हुने र पातबाट मल बनाउदा डढेलो नियन्त्रणमा ठूलो मद्दत पुग्ने बताए । वर्षायाममा बगेर खेर जाने पात अहिले व्यवस्थित रूपमा संकलन भइरहेको वाणगंगा सव डिभिजन प्रमुख अर्जुन चापागाईले बताउछन् ।

पावर सामुदायिक वनका अध्यक्ष वीरबहादुर खाम्चाकीका अनुसार पहिलो चरणमा उत्पादन गरिएको मल सामुदायिक वनका उपभोक्तालाई वितरण गरिएको छ । उनले भने 'यो वर्ष भने प्याकेजिङ गरेर बाहिर बिक्री गर्ने र बजार सम्म लैजाने तयारी छ ।'

प्रांगारिक मल प्रयोग गरी अर्गानिक अन्नबाली तथा तरकारी उत्पादन सुरु गरिएको उनले बताए । समुदायको प्रयास बाट गाउँलाई कृषि उद्यममा जोड्ने र स्थानीयलाई आत्मनिर्भर बनाउने सामुदायिक वनको लक्ष्य रहेको खाम्चाकिले जानकारी दिए ।

वन कार्यालयका सूचना अधिकारी केशर खड्काले आगामी वर्ष जिल्लाभर अभियान विस्तार गर्ने योजनामा अगाडि बढेको बताए । पातबाट बन्ने मलको लागि प्रदेश सरकारको पनि लगानी भएकाले कृषकलाई न्युनतम मुल्यमा प्राप्त गर्नेछन् ।

## गगनले ...

थिए । रास्वपाका पुकार बम नयाँ दलको नारासहित प्रतिस्पर्धामा छन् । गत निर्वाचनमा उनी काठमाडौं-१ बाट उम्मेदवार थिए । त्यस्तै, नेकपाबाट इन्द्रकुमार भुसाल, राप्रपाबाट सुरेन्द्रराज भण्डारीसहित २८ जना उम्मेदवार मैदानमा छन् । विघटित संसद्का मुख्य चार दलबाहेक भंगेरा, प्रेसर कुकर, पानीको जार, सारङ्गीजस्ता चुनाव चिन्हले यो क्षेत्रको मतपत्र रंगीएको छ । जित निकाल्ने सम्भावना कम आंकलन गरिएका साना दल र उम्मेदवारले मुख्य प्रतिष्प्रर्धी उम्मेदवारको मत काटेर चुनावी गणित फेरबदल पार्नसक्ने देखिन्छ । ७६ हजार १४१ मतदाता रहेको काठमाडौं-४ मा ३३ मतदानस्थल र ८८ मतदान केन्द्र छन् । भौगोलिक रूपमा काठमाडौं महानगरपालिकाका १, ७, ८ र ३० वडा तथा बुढानीलकण्ठ नगरपालिकाका १, २, ८, ९, १०, ११, १२ र १३ वडा समेटिएको यो क्षेत्र सामाजिक-आर्थिक रूपमा विविध छ । यही विविधताले यहाँको चुनावलाई अनिश्चित बनाउने गरेको छ ।

एमाले उम्मेदवार भट्टराई यस पटक जित निकाल्ने हिम्मतका साथ मैदानमा आएको बताउँछन् । कांग्रेस सभापति थापाको उम्मेदवारी सर्लाहीबाट हुने पक्का भएपछि एमालेले राजनलाई अघि सारेको हो । दुई पटक गगनसँग पराजित भट्टराई यस पटक परिस्थिति अनुकूल ठान्छन् । 'मैले यो क्षेत्रका लागि निकै कुरुवानी गरेको छु । हार्दा पनि अन्त गईन्', उनी भन्छन्, 'गगनजीको अनुपस्थितिमा यस क्षेत्रका मुद्दालाई राष्ट्रियकरण गर्न मेरो भूमिका रहन्छ । आममतदताको भावना बुझेर नै मैले उम्मेदवारी दिएको हुँ । मतदाताले यस पटक न्याय गर्छन भन्नेमा विश्वस्त छु ।'

उनी राष्ट्रिय राजनीतिमा सक्रिय, परराष्ट्र मामिलाका जानकार र संगठनात्मक रूपमा अनुभवी नेता हुन् । गगन नभएको चुनावमा आफ्नो विगतको हारको श्रृंखला तोडेर सदन छिर्ने दाउमा भट्टराई छन् । एमालेको संगठन पनि यो क्षेत्रमा बलियो छ । स्थानीय तहको नतिजा अनुसार बुढानीलकण्ठ नगरपालिकाका धेरै वडा एमालेले जितेका छन् । तर, संसदीय चुनावमा यस क्षेत्रका मतदाताले फरक निर्णय गर्दै आएका थिए । यस पटक पनि दलभन्दा उम्मेदवारको छवि, प्रतिबद्धता र स्थानीय मुद्दा हेर्ने मनस्थितिमा मतदाता देखिएका छन् ।

खानेपानी, कपन खहरे क्षेत्रको डुबान समस्या, सडकको अवस्था, फोहोर व्यवस्थापन जस्ता पुराना तर समाधान नभएका मुद्दाले मतदाता प्रभावित हुन सक्ने स्थानीय मतदाताहरू बताउँछन् । मतदातासमेत रहेका नागरिक अगुवा खिला सापकोटाले काठमाडौं ४ का मतदाता पार्टीगतभन्दा पनि युवा जोश र नीतिगत तहमा काम गर्न सक्ने उम्मेदवारको खोजीमा रहेको बताए । 'काठमाडौं ४ मा ७० प्रतिशत नागरिकहरू विभिन्न जिल्लाबाट आएर बसोबास गरेको क्षेत्र हो । यहाँका मतदाताहरू आफैमा सचेत छन्', सापकोटाले भने, 'राज्यको नीति निर्माण तहमा पुगेर क्षेत्रका समस्यालाई राज्यको पोलिसी तहमा पुर्‍याउन सक्ने र बदलीदो परिस्थितिमा युवा र टेक्नोलोजीसँग नागरिकलाई जोड्न सक्ने उम्मेदवार यो क्षेत्रको रोजाइँमा पर्छन् ।'

कांग्रेस उम्मेदवार सचिनले समुदायसँग जोडिएको र पार्टीभित्र सक्रिय युवाको परिचय बनाएका छन । कांग्रेसको परम्परागत मत र गगनप्रतिको सद्भाव उनीतर्फ सर्नसक्ने आंकलन कांग्रेसको छ । तिमल्सिनाले विगतका दुईवटा निर्वाचनमा गगनको टिममा रहेर चुनावी रणनीति बनाएको अनुभव रहेको बताए । 'म यस क्षेत्रका नामगरिकमाझ नयाँ होइन, पार्टीमै लागेर गगन थापाको चुनाव हाँकेको व्यक्ति हुँ । मसँग यो क्षेत्रको समृद्धिको योजना छ' उनले भने,'गगन थापाले कांग्रेसलाई बदल्नुभएको छ । अब उहाँको देश बदल्ने संकल्पलाई पूरा गर्न मेरो उम्मेदवारी हो । यहाँका बहुमत मतदाता मेरो पक्षमा छन् ।'

गगन नभएको मौकामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पनि जित निकाल्न सकिने आशामा छ । रास्वपाले पुकार बमलाई उम्मेदवार बनाएर 'परिवर्तनको विकल्प' बन्न खोजे पनि पुकारलाई सोचेजस्तो सहज भने देखिँदैन् । अघिल्लो निर्वाचनमा काठमाडौं-१ बाट पराजित बम यस पटक क्षेत्र परिवर्तन गरेर आएका छन् । उनले महिला अधिकार, पारदर्शी काम र जवाफदेही नेतृत्व मुख्य एजेण्डा बनाएका छन् । पछिपछि, नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार इन्द्रकुमार भुसाल पनि आफ्नो एजेन्डासहित मत मागिरहेका छन् । मतदाताको भरोसालाई उनले आफ्नो शक्ति मानेका छन् । 'व्यवस्था बदल्यौं, अब अवस्था बदल्ने हो,' उनले भने ।

यसपटक काठमाडौं-४ को निर्वाचनमा एमालेका भट्टराई, कांग्रेसका तिमल्सेना र रास्वपाका बमबीच त्रिकोणात्मक प्रतिस्पर्धा हुने पूर्वानुमान छ । अघिल्लो चुनावको समानुपातिक मतले पनि त्यस्तै संकेत गर्दछ । २०७९ मा कांग्रेसले ११ हजार ८०८, एमालेले १० हजार ५६० र रास्वपाले ९ हजार ४१२ समानुपातिक मत प्राप्त गरेको थिए ।

## माघमा...

स्वीकृति भएकोमा म्यानपावर कम्पनीमार्फत ३ हजार ५ सय ९८ जनाले श्रम स्वीकृति लिएका थिए । माघमा ओमान ८ सय १६ जना, बहराइन ६ सय ७० जना, साइप्रस ५ सय २२ जना, मरिसस २ सय ७० जना, जोर्डन २ सय ६७ जना, जापान २ सय ३ जना, माल्दिभ्स १३ र मकाउ ४ जना म्यानपावर कम्पनीमार्फत गएका छन् ।

म्यानपावर कम्पनीले एक जना पनि पठाउन नसकेको रोमानियाका लागि ३ हजार ९ सय ४० जनाको श्रम स्वीकृति भएको छ । विदेशस्थित नेपाली दूतावासहरूले मागपत्र प्रमाणीकरण नगर्दा म्यानपावर कम्पनीहरूले नेपाली कामदारका लागि डिमाण्ड भएका मुलुकमा पनि कामदार पठाउन नसकेको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् । माघ महिनामा एक सय ७ देशमा नेपाली कामदार वैदेशिक रोजगारीमा गएकोमा म्यानपावर कम्पनीले ११ देशमा मात्रै कामदार पठाउन सकेका छन् ।

## माघमा...

माघमा धेरै कामदार पठाउने म्यानपावर कम्पनी :

एसओएस म्यानपावर सर्भिस प्रा.लि.- ६१२
दि रिभर ओभरसिज प्रा.लि.- ५७६
लिंक इन्टरनेसनल प्लेसमेन्ट सर्भिस प्रा.लि.- ५०५
प्याराडाइज इन्टरनेसनल प्रा.लि.- ४८८
नील कमल ह्युमन रिसोर्स प्रा.लि.- ४०८
स्काइ ओभरसिज सर्भिसेस प्रा.लि.- ३८५
लुलु इन्टरनेसनल प्रा.लि.- ३०३
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्ट्स प्रा.लि.- २९५
गल्फ म्यानपावर सर्भिसेस प्रा.लि.- २७३
एसिया लिंक सर्भिसेस प्रा.लि.- २४१
एससिसी म्यानपावर कम्पनी प्रा.लि.- २३६
सुवास ह्युमन रिसोर्सेस प्रा.लि.- २२७
ब्रिज स्काइ इन्टरनेसनल प्रा.लि.- २०४
इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रा.लि.- २०१
भिजन एन्ड भ्यालु ओभरसिज प्रा.लि.- २००
ग्रेस ओभरसिज प्रा.लि.- १९५
अल-हयात म्यानेजमेन्ट सिस्टम प्रा.लि.- १८६
आइडियल इन्टरनेसनल रिक्रुटमेन्ट प्रा.लि.- १७९
मोन्टेज ओभरसिज प्रा.लि.- १६९
दि लिंक फर रिक्रुटमेन्ट कन्सल्टेन्सी प्रा.लि.- १६२
एबिसी ओभरसिज प्रा.लि.- १६०
सनलाइट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १५८
आयुष ओभरसिज प्रा.लि.- १५०
सपोर्ट ह्युमन रिसोर्सेस प्रा.लि.- १४९
मोभिरा रिक्रुटमेन्ट कन्सल्टेन्सी सर्भिसेस प्रा.लि.- १४९
नेपाल वर्ल्ड ओभरसिज प्रा.लि.- १४७
कालिन्चोक एच.आर. प्रा.लि.- १४७
जब सिकर म्यानपावर प्रा.लि.- १४५
ब्लु ओसियन ओभरसिज प्रा.लि.- १४४
वाइड स्पेस इन्टरनेसनल प्रा.लि.- १४०
अल-जफर इन्टरनेसनल प्रा.लि.- १३७
जलजला रिक्रुटमेन्ट प्रा.लि.- १३४
सान नेपाल प्रा.लि.- १३४
एम्पावर ह्युमन रिसोर्सेस म्यानेजमेन्ट प्रा.लि.- १३४
मदरल्यान्ड ओभरसिज प्रा.लि.- १३३
लिडर ओभरसिज प्रा.लि.- १२८
इन्डो अरब म्यानपावर प्रा.लि.- १२७
डाइनामिक सेल्स एन्ड सर्भिसेस प्रा.लि.- १२७
नाइस रिक्रुटिङ एजेन्सी प्रा.लि.- १२७
बज्र ह्युमन रिसोर्सेस प्रा.लि.- १२५
खगोल ओभरसिज प्रा.लि.- १२५
सुगम ओभरसिज प्रा.लि.- १२२
शेरोन म्यानपावर सर्भिस प्रा.लि.- ११९
एम.बी. ह्युमन रिसोर्स प्रा.लि.- ११८
ट्यालेन्ट ओभरसिज सर्भिसेज प्रा.लि.- ११८
अल स्किल्स इन्टरनेसनल ह्युमन रिसोर्स प्रा.लि.- ११७
इन्टरपिड रिक्रुटमेन्ट सर्भिसेस प्रा.लि.- ११५
इन्डेक्स रिक्रुटमेन्ट प्रा.लि.- ११४
एमिनेन्स रिक्रुटमेन्ट इन्टरनेसनल प्रा.लि.- ११३
टार्गेट कन्सल्टेन्ट ह्युमन रिसोर्सेस प्रा.लि.- ११२
अल शाहीद ओभरसिज प्रा.लि.- १०९
लगइन इन्टरनेसनल ओभरसिज रिक्रुटमेन्ट (ग्लोबल सपना ओभरसिज प्रा.लि.)- १०७
राज ग्रुप अफ कम्पनी प्रा.लि.- १०५
बि.एस. ओभरसिज प्रा.लि.- १०३
ग्रिनल्यान्ड सर्भिसेस प्रा.लि.- १०३
पिजन इन्टरनेसनल ओभरसिज प्रा.लि.- १०२
टेस्ला ओभरसिज प्रा.लि.- १०२
लक्की ह्युमन रिसोर्स प्रा.लि.- १०१

# काठमाडौंमा आपराधिक घटना बढ्दो

**काठमाडौं/मस**-काठमाडौं जिल्लामा गत माघ महिनामा ९ सय ७६ अपराधका मुद्दा दर्ता भएको छ । ती मुद्दामध्ये १ सय ५९ जघन्य तथा गम्भीर अपराधका रहेका जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले जानकारी दिए ।

गत माघमा महिला बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित २२ मुद्दा रहेका छन् । आर्थिक अपराधका भने ४ सय ६६ मुद्दा दर्ता भएको पनि प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ । अन्य विभिन्न प्रकारका गरेर ३ सय ४० मुद्दा दर्ता भएको पनि उनले बताए । यस बीचमा 'विशेष अपरेसन' चलाएर काठमाडौंमा मोटरसाइकलमा चढी सडकमा हिँड्ने व्यक्तिमाथि लुटपाट गर्ने १० जनालाई पक्राउ गरी कानुनी कारबाही गरिएको प्रहरीले जनाएको छ ।

फैसला कार्यान्वयनतर्फ भने ३ सय ६० जनालाई पक्राउ गरी उनीहरूबाट दुई करोड २० लाख जरिवाना असुलसमेत भएको प्रहरीले जानकारी दिएको छ । यस्तै चालु मुद्दातर्फ ७ सय ९ जनालाई पक्राउ गरिएको छ । यसमा ६ सय ३७ पुरुष छन् ।

महिला बालबालिकासँगसम्बन्धित उजुरी घरेलु हिंसातर्फ १ सय ४९ र ठाडो निवेदन ४९ दर्ता हुन आएकामा घरेलु हिंसाका १ सय ३१ र ठाडो निवेदनमा ३६ मिलापत्र भएको प्रहरीले पनि प्रहरीले जनाएको छ ।

**भक्तपुरमा १ सय ५२ वटा मुद्दा दर्ता**

भक्तपुर जिल्लामा विगत एक महिनाको अवधिमा १ सय ५२ वटा आपराधिक घटनाको मुद्दा दर्ता भएका छन् भने विभिन्न घटनामा १ सय १० जनालाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी परिसर भक्तपुरले मंगलबार प्रतिवेदन सार्वजनिक गर्दै गत माघभरिमा जघन्य तथा गम्भीर अपराधसम्बन्धी दुई वटा हत्याका घटना घटेका जिल्ला प्रहरी प्रमुख एवं प्रहरी उपरीक्षक सूर्यबहादुर खड्काले जानकारी दिए ।

उनका अनुसार लागुऔषधका आठ घटना, बहुविवाह एक, बैंकिङ कसुरका ६२, ठगीका सात, चोरीका १६, जुवाको एउटा र आत्महत्याका दुई वटा मुद्दा दर्ता भएका उनले जानकारी दिए ।

उनका अनुसार विभिन्न घटनामा संलग्न ३२ जनालाई कैद सजायका लागि कारागार चलान गरिएको, फैसला कार्यान्वयनतर्फ दुई वर्ष नौ महिना एक दिन कैद सजाय भुक्तानका लागि कारागार चलान भएका छन् । विभिन्न घटनामा रु ६७ लाख ४७ हजार ८० जरिवाना एवं बिगो संकलन गरिएको उनले जानकारी दिए ।

## Gramthan Rural Municipality
## Office of the Rural Municipal Executive

**Tetariya, Morang**
**Koshi Province, Nepal**

### Notice for the Letter of Intent

**First Date of Publication 2082-11-06**

Pursuant to Clause 27. of Public Procurement Act 2063, This is to notify all the Bidders who submitted their bids for the Contract Identification No mentioned below as per the Invitation for the Bids Published in the National daily Newspaper that the following listed Highest Evaluated Substantially Responsive Bidder has been selected to award the contract.

| Contract Id | Name of the Work | Highest Evaluated Substantially Responsive Bidder | Bid Price NRs including VAT |
|---|---|---|---|
| G.R./SQ/ Goods/10/082/083 | Sthaniya Sadak purwadhar sewa sulka sankalan | Ramjanaki Construction (618306488) | 21,14,230 |

## Khaptad Chhededaha Rural Municipality
## Office of The Rural Municipal Executive

Dogadi, Bajura
Sudurpaschim Province, Nepal

### Invitation for Electronic Bids

First Date of Publication: 2082/11/06

1. Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura invites electronic bids from eligible bidders for following Bids under National Competitive Bidding Procedures. Only eligible bidders should participate in the bidding for the contracts as in the table below. The bid validity period is 90 days from the date of last date of bid submission.

| Contract No. | Description of Work | Cost of Bid Documents | Estimated Amount (NRS.) with P.S.[Excluding VAT & Contingencies] | Minimum Bid Security Amount | Bid Security Validity Period | Last Date of | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | Bid Submission | Bid Opening |
| KCRM/NCB/ W/05/2082-083 | Mashteshwari School Khelmaidan Nirman (Namuna Programme) at KCRM-05, Dogadi, Bajura | 3,000.00 | 1,02,46,188.52 | 3,60,000.00 | Validity up to 120 days from the last date of bid submission | 2082/12/08 12:00 hrs | 2082/12/08 12:30 hrs |

2. Only Electronic Bidding through www.bolpatra.gov.np/egp is permitted.
3. Eligible Bidders may obtain the further information from Khaptad Chhededaha Rural Municipality, Office of The Rural Municipal Executive, Dogadi, Bajura or may visit PPMO website www.bolpatra.gov.np/egp to download all the bidding documents.
4. Bid Documents Purchase Fee & Bid Security Deposit (Cash/Bid bond) Details:-

| | |
|---|---|
| **Details for Bid Documents Purchase Fee** *(upload the scanned copy (PDF format) of the bank deposit Voucher.)* | **Account Name : GA-1.1 KHAPTAD CHHEDE.AAN.RAJ.KHATA**<br>***Name of Office : Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura***<br>**Office Code No.: 801076906**<br>***Name of the Bank : Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.***<br>**Office Account No. : 12008109220128** |
| ***Details for Bid Security (Cash/Bid bond) Deposit (Submit Bank Deposit Voucher along with a Bid.)*** | **Account Name : Dharauti Khata**<br>***Name of Office : Khaptad-Chhededaha Rural Municipality Office, Dogadi, Bajura***<br>**Account No. : 12008109220139**<br>***Name of the Bank : Himalayan Bank Ltd., Chhededaha Branch, Bajura.*** |

5. The Khaptad Chhededaha Rural Municipality, Office of the Rural Municipal Executive, Dogadi, Bajura reserves right to amend and correct in bid documents, bid notice or any other documents at any time in case of any discrepancies or error.
6. Any Condition so far not stated in this Notice will be As per PPA 2063 and PPR 2064 and its Amendments.

*Chief Administrative Officer*

**साउदीमा रोजगार**

कम्पनी: ABDUL AZIZ IBRAHIM AL QURASHI TRADING COMPANY — शहर: SAUDI
पूर्व स्वीकृत मिति: २०८१/०५/१४ चलानी नं.: ६०२५२६३९ L.T. No.: 339287

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १३ गते (25 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Amity Global Employment Services Pvt. Ltd.
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466. Mobile No: 9802090466.
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

**कुवेतमा रोजगार**

कम्पनी: BUBBLE GENERAL CLEANING FOR BUILDINGS CONTRACTOR — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८२/११/०५ चलानी नं.: ६०२५२६४० LT. No.: 339247

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 0 | 11 | स. काममा दक्ष | 100 | ४७,४३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १३ गते (25 February 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE OCEAN RECRUITMENT PVT. LTD.
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

# ‘आचारसंहिता चुनावलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने माध्यम’

**काठमाडौं /मस-** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन आचारसंहिता बन्देज नभई चुनावलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र बनाउने माध्यम भएको बताएका छन् ।

निर्वाचन आयोगले आयोजना गरेको मतदाता शिक्षा एवं निर्वाचन प्रचारप्रसारका लागि सामाजिक सञ्जालका संघसंस्था तथा कलाकारहरूसँग अन्तरक्रियामा उने मिथ्या र गलत सूचना रोकी स्वच्छ प्रतिस्पर्धाका लागि सहयोग गर्ने उद्देश्यले नै आचारसंहिता जारी गरेर कार्यान्वयनमा लगिएको बताए । निर्वाचन लोकतन्त्रको प्राण भएकाले सही सूचना प्रवाह गरेर सफल बनाउने दायित्व सबैको भएको उनको भनाइ थियो ।

‘हामी प्रेस स्वतन्त्रता विरोधी होइनौं, निर्वाचन आचारसंहिता लागू भएका बेला कुराकानीका आधारमा तयार पारिएको सामग्रीका आधारमा हारजित भनी प्रकाशन गरिँदा मानिसलाई दिग्भ्रमित बनाएको छ, यसरी अरु उम्मेदवारलाई हतोत्साही नबनाऔँ, कृत्रिम बौद्धिकता (एआई) प्रयोग गरेर बनाई सामाजिक सञ्जालमा पोष्ट गरिएका सामग्रीले पनि भ्रम फैल्याएको छ, यस्तो प्रचारप्रसार रोकेर स्वच्छ रूपमा निर्वाचन हुने वातावरण बनाऔँ’, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले भने । यो उम्मेदवार ठीक यो बेठीक भन्ने खालका समाचार सम्प्रेषण नगर्न पनि उनले आग्रह गरे ।




लयबाट बाहिरिएको मुलुकलाई लयमा फर्काउने माध्यम फागुन २१ गतेको निर्वाचन भएकाले यसलाई सफल पार्न सबैको सहयोग हुनुपर्ने, नयाँ थपिएका साढे नौ लाख मतदाताका कारण मतदान प्रतिशत बढ्ने र बदर हुने मतसंख्या घट्ने विश्वास पनि गरिएको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । आयोगका सचिव कृष्णबहादुर राउतले कलाकार र ‘कन्टेन्ट क्रियटर’ लाई मतदाता शिक्षा प्रदान गर्न सद्भावना दूतका रूपमा काम गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले पनि कार्यक्रम आयोजना गरिएको बताए । मतदाता शिक्षाका सही सूचना प्रदान गर्न यस्ता कार्यक्रमले सहयोग गर्ने विश्वास गरिएको उनको भनाइ थियो । मतदाता शिक्षा पहिलोपटक मतदान गर्नेलाई प्रेरित गर्न निर्णायक हुने विश्वास गरिएको छ । गलत सूचनाले लोकतन्त्रलाई असर गर्ने भएकाले ९० प्रतिशत इन्टरनेट प्रयोगकर्तालाई मतदाता शिक्षा दिन कार्यक्रमले सहयोग गर्ने सचिव राउतको विश्वास थियो । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका बारेमा प्रस्तुति गर्दै आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले २०७९ सालको भन्दा यसपटक नौ लाख १५ हजार मतदाता थपिएको जानकारी दिए ।

१६ वर्ष पूरा भएका युवालाई मतदाता नामावलीमा समावेश गरी निर्वाचन हुने अघिल्लो दिन १८ वर्ष पूरा हुने जतिलाई मतदाता सूचीमा समावेश गर्ने गरिएको पनि उनले सुनाए । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले राजनीतिक दल र उम्मेद्वारले निर्वाचनमा एजेण्डा लिएर नआउने र मतदाताले पनि त्यसका आधारमा मत नदिने गरेकाले लोकतन्त्रको मेरुदण्डका रूपमा रहेको निर्वाचन प्रक्रियामा समस्या आउने गरेको बताए ।

# छिटो छरितो सेवा दिँदै यातायात कार्यालय रौतहट

**कृष्ण तिवारी /मध्यान्ह**
रौतहट, ५ फागुन

रौतहटस्थित यातायात व्यवस्था कार्यालय (सवारी) रौतहटमा पछिल्लो समय सेवा प्रवाहमा उल्लेखनीय सुधार आएको छ । एक समय सवारीसाधन दर्ता प्रमाणपत्र (ब्लू बुक) नवीकरणका लागि घण्टौँ लाममा उभिनुपर्ने बाध्यता रहेको कार्यालयमा अहिले छिटोछरितो र प्रविधिमैत्री सेवा दिन थालिएको छ ।




पहिले चारवटा लाइन पार गरेपछि मात्र सेवाग्राहीले पालो पाउने अवस्था थियो। लामो समय लाइनमा उभिँदा काम नसकिए अर्को दिन कुर्नुपर्ने बाध्यताले सेवाग्राही आजित हुने गरेका थिए। तर अहिले अवस्था फेरिएको छ ।

कटहरिया नगरपालिका-५ का ओमप्रकाश साहले मोटरसाइकल नामसारी र नवीकरणको काम २० मिनेटमै सम्पन्न भएको अनुभव सुनाए । ‘पहिले तीन-चार घण्टा लाइनमा उभिनुपर्थ्यो, अहिले एकद्वार प्रणालीबाट सबै काम सहजै भयो,’ उनले भने, ‘कर तिर्न बैंक धाउनुपर्ने र भौचर ल्याएर कार्यालयमा बुझाउनुपर्ने झण्झट पनि हटेको छ ।’

कार्यालय प्रमुख राजकिशोर साहका अनुसार सेवा प्रवाहलाई व्यवस्थित र डिजिटल बनाइएको छ । सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी सबै सेवा अनलाइनमार्फत उपलब्ध गराइएको छ । ‘लाइसेन्सको आवेदनका लागि कार्यालय धाउन पर्दैन, अनलाइनबाटै आवेदन दिन सकिन्छ । चालकले आफ्नो लाइसेन्स तयार भए/नभएको वेबसाइटमार्फत हेर्न सक्छन्,’ उनले भने ।

उनका अनुसार सबै सेवाग्राहीको बायोमेट्रिक विवरण अनलाइन प्रणालीमा राखिएको छ भने सवारीसाधनको ब्लू बुक नवीकरणसमेत अनलाइनबाटै छिट्टै सुरु गरिने तयारी छ । प्रविधिमैत्री सेवा विस्तारसँगै कार्यालयप्रतिको सर्वसाधारणको धारणा सकारात्मक बन्दै गएको प्रमुख साहको भनाइ छ । सेवा प्रक्रियामा पारदर्शिता, समय बचत र झन्झटमुक्त व्यवस्थापनले सेवाग्राहीलाई सहज अनुभूति दिलाएको बताइएको छ ।

**Migration & Provisional Certificate हराएको सूचना**

मिति २०८० कार्तिक २० गते स्विचाटार काठमाडौंबाट कालिमाटी आउँदा गाडीमा मेरो निम्न विवरण भएको १०+२ तहको Migration Certificate हराएको हुँदा पाउनुहुने महानुभावले मेरो निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा बुझाइदिनु हुन अनुरोध गर्दछु ।

Name: Pramila Rimal
Registration No: 643009040
Symbol No: 647875
Mobile no. : 9860541780

# साउदीको दम्मामम ५३२ जनालाई नवीकृत राहदानी वितरण

**दम्माम /मस-** गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरबको सहकार्य तथा एम्बेस्सी अफ नेपाल, रियादको आयोजनामा साउदी अरबको पूर्वी प्रान्त दम्माममा नवीकरण भएर आएका राहदानी वितरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

साउदी अरबको प्रमुख औद्योगिक क्षेत्र मानिने पूर्वी प्रान्त दम्माममा १३ फेब्रुअरी २०२६ का दिन आयोजित उक्त राहदानी वितरण शिविरमार्फत ५ सय ३२ जना नेपाली सेवाग्राहीलाई नवीकृत राहदानी वितरण गरिएको हो । राजधानी रियाद पुग्न समय, खर्च र दूरीका कारण कठिनाइ भोगिरहेका नेपाली श्रमिक तथा समुदायका लागि यो शिविर अत्यन्तै उपयोगी र राहतपूर्ण सावित भएको सेवाग्राहीहरूले बताएका छन् । नवीकृत राहदानी वितरण शिविर दम्मामस्थित टाइम्स ट्राभलमा आयोजना गरिएको थियो । कार्यक्रम सञ्चालनका क्रममा नेपाली राजदूतावास, रियादबाट खटिएको टोली तथा पूर्वी क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । शिविरको व्यवस्थापन तथा स्वयंसेवक परिचालनका लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद साउदी अरबले विभिन्न सामाजिक तथा राजनीतिक भ्रातृ संघसंस्थाहरूसँग समन्वय गरेको थियो ।

कार्यक्रममा नेपाली समुदायसँग सम्बन्धित सामाजिक, सांस्कृतिक, राजनीतिक तथा खेलकुदसँग आबद्ध संघ-संस्थाहरूको उल्लेखनीय सहभागिता रहेको थियो ।

**VACANCY ANNOUNCEMENT**

एक प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

Documentation - 2 (Female) Salary - 25,000

Requirements:-
★ Minimum 2 to 3 Years Experienced in Related Fields.
★ Priority will be given for Manpower Experienced.

Send Your CV at chairman@cpr.com.np
Contact us at +977 9801121045, 9851340071

CONCEPT PLACEMENT RESOURCE PVT. LTD.
Basundhara 5, Kathmandu Nepal.Contact: 977 15918247
Website:www.cpr.com.np
श्रम इ. पत्र नं. १६३६/०८०/०८१

## हार्दिक समवेदना



जन्म मिति: २०४५/०२/२१

स्वर्गारोहण मिति: २०८२/११/०३

**स्व. प्रमोद कुमार यादव**

पूर्वाधार विकास कार्यालय, सर्लाहीमा कार्यरत सिरहा जिल्ला सुखिपुर नगरपालिका - ९ बैशाखा स्थायी निवासी सब-ईन्जिनियर **प्रमोद कुमार यादव**को हत्या भएको घटनाले हामी **भौतिक पूर्वाधार विकास मन्त्रालय, मधेश प्रदेश परिवार** अत्यन्त मर्माहित र स्तब्ध भएका छौ । यस दु:खद घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन् भन्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**
मधेश प्रदेश, जनकपुरधाम (परिवार)

**साउदी र ओमनमा रोजगार**

कम्पनी: AL-HAA SWEETS ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मिति:२०८२/११/०५ — चलानी नं.:६०२५२६१७ — LT. No.:339068

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 1 | 0 | स. काममा दक्ष | 1000 | ३८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABU AL YAQZAN FOR PROJECTS AND BUSINESSES — शहर: OMAN
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ३०२५२६३७ — LT. No.: 339183

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pastries Maker/Baker | 1 | 0 | स. काममा दक्ष | 150 | ५६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १३ गते (25 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD.** Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, Mobile No: 9851078710, 9808735410, 9843465784, Email: employmentprince@gmail.com, website: www.employmentprince.com.np.

**साउदीमा रोजगार**

कम्पनी: JAZEERA PAINTS CO. — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०८२/११/०५ — चलानी नं.: ६०२५२६३६ — LT. No.: 339174

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Worker | 4 | 0 | स. काममा दक्ष | 1200 | ४६,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ फागुन १३ गते (25 February 2026) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. २१०० कामदारले | रु. १,५०० कामदारले | रु.१०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**GOLDEN EAGLE MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

## लुम्बिनी प्रदेश सरकार
## सामाजिक विकास मन्त्रालय
## शिक्षा तथा सामाजिक विकास निर्देशनालय
## सामाजिक विकास डिभिजन कार्यालय, प्यूठान

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति:२०८२/११/०६**

यस कार्यालयबाट SQ ठेक्का सूचना मितिः २०८२/१०/०८ गते दोस्रो पटक मिसन टुडे राष्ट्रिय दैनिक पत्रमा प्रकाशित भए अनुसार दर्ता हुन आएका बोलपत्रहरूको मूल्याङ्कन हुँदा निम्न निर्माण व्यवसायीहरूको तपशिल बमोजिमको बोलपत्रहरू न्यूनतम मुल्याङ्कित सारभुतरूपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४० बमोजिम सम्बन्धित सबैको जानकारीको लागि सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) बमोजिम ७ (सात) दिनभित्र कुनै गुनासो वा आपत्ति भएमा लिखित रूपमा यस कार्यालयमा दर्ता गराई जानकारी गराउन सम्पूर्ण सरोकारवालालाई सुचित गर्दै यो सुचना प्रकाशित गरिएको छ।

| क्र.सं. | ठेक्का न. | योजनाको नाम | निर्माणको व्यवसायीको नाम | कबोल अङ्क (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| 1 | 26-SDDO/SQ-082/083 | Construction of Adhuro Vaban: Bal Bidhya Ma.Vi Pyuthan Na.Pa -09 Pyuthan | Shree samriddi nirman sewa and suppliers, pyuthan | 12,16,812.63/- |
| 2 | 28-SDDO/SQ-082/083 | Construction of Wall: Janakalyan Aa.vi Sunilsmriti Ga.Pa -06 Rolpa. | Power Nepal consult and construction pvt.ltd. tokha kathamandu | 9,50,072.81/- |

# Bhume Rural Municipality
# Office of the Rural Municipal Executive

**Khabangbagar, Rukum (East)**
**Lumbini Province, Nepal**

## Invitation For Bids

**Date of publication: 17-02- 2026 (2082/11/05)**

1. ***Bhume Rural Municipality*** invites electronic bids from Registered Nepalese eligible bidders for the following work.

| S. N. | Contract ID. | Description and location of work | Estimated Amounts (Including VAT, PS etc.) | Bid Security Amounts | Price of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | BRM-RUKUM (EAST)/W/ NCB/06/2082-083 | Construction Of Ward No 05 Office Building, Ward No 05, Serabang, Bhume Rural Municipality | 1,99,85,434.07 | 5,00,000 | 3,000 |
| 2 | BRM-RUKUM (EAST)/W/ NCB/07/2082-083 | Construction Of Lukum School Hostel Building, Ward No 01, Lukum, Bhume Rural Municipality | 55,61,855.63 | 1,40,000 | 3,000 |

2. Eligible Bidders may visit PPMO website www.bolpatra.gov.np/egp. for further information.
3. Bidder should submit their bid electronically and download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Citizens Bank International Ltd., Bhume Branch
   Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum East
   Rajaswa Account no. : 0780100000001202 (Ga 1.1 Bhume Ga.Pa. Aantarik Rajaswa Khata)
4. Sealed or electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on before **12:00 on 19/03/2026** . Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 on 19/03/2026** at the office of ***Bhume Rural Municipality Khabangbagar, Rukum East***.
6. Bids must be valid for a period of ***90 days*** and must be accompanied by a scanned copy of the bid security in .pdf format for e-bid, which shall be valid for 120 days from the final bid submission date. If bidder wishes to submit the bid security in the form of cash the cash should be deposited in the bank account with the following information.
   Name of the Bank : Citizens Bank International Ltd., Bhume Branch
   Name of Office : Bhume Rural Municipality, Khabangbagar, Rukum East
   Deposit Account no. : 0780100000030201 (Ga 3 Bhume Ga.Pa. Dharauti Khata)
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Employer reserves the right to accept or reject , wholly or partly any or all the bids without assigning any reason. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulations, 2064 and prevailing regulations.

**Chief Administrative Officer**

## सम्पादकीय

# देशभर चुनावी उत्सव

प्रतिनिधिसभा सदस्य निर्वाचन आउन दुई साता बाँकी छँदा सिंगो मुलुक चुनावमय बनेको छ। प्रधानमन्त्री भइसकेकादेखि भावी प्रधानमन्त्री दाबी गरिरहेका नेताहरूसमेत मतदाताको घरआँगनमा पुगेका छन् । अरूबेला नेता भेट्न मुस्किल हुने सर्वसाधारणले घरदैलोमै उम्मेदवारसँग प्रतिबद्धता मागिरहेका छन्, प्रश्न सोधिरहेका छन्। विगतका कामप्रति असन्तुष्टि र गुनासो पोखिरहेका छन्। उम्मेदवारहरू युवादेखि जेष्ठ नागरिकसम्म, पूर्वदेखि पश्चिमसम्म, हिमाल–पहाडदेखि तराई–मधेससम्मको जनमत आफ्नो पक्षमा पार्न तल्लीन छन् । दलहरू र उम्मेदवारले आफू निर्वाचित भएमा गर्ने कामको बाचा पनि गरिरहेका छन् । यसले देशभर राजनीतिक वातावरण गर्माएको छ। विगतदेखि वर्तमानको समीक्षा र भविष्यको सपनामाथि बहस चलिरहेको छ ।

२१ फागुनको चुनाव अघिल्ला आवधिक निर्वाचनभन्दा भिन्न परिस्थितिमा हुन लागेको छ । त्यसैले यस निर्वाचनलाई विशेष महत्वका साथ हेरिएको छ । यस निर्वाचनले खासगरी २३–२४ भदौंको जेनजी आन्दोलनपछि उत्पन्न संवैधानिक र राजनीतिक संकटबाट मुलुकलाई बाहिर निकाल्ने आम अपेक्षा गरिएको छ। यो मध्यावधि निर्वाचनले विघटित संसद्का मुख्य राजनीतिक शक्तिहरू नेपाली कांग्रेस, नेकपा एमाले, नेकपासँगै अघिल्लो चुनावबाट उदाएको रास्वपाको परीक्षण गर्ने छ। त्यस्तै, जेनजी आन्दोलनपछि गठन भएका नयाँ दलप्रतिको अभिमत पनि प्रकट हुनेछ ।

लोकतन्त्रमा निर्वाचन आफैमा उत्सव हो । देशका कुनाकाप्चासम्म अहिले देश विकास, प्रणाली सुधार र जनउत्तरदायी शासनसत्ताबारे बहस चलिरहेको छ । उम्मेदवारहरू भोट माग्न जनताका घरआँगन, खेतबारी र गाउँबस्तीमा पुगेका छन्। कतै नाचिरहेका छन् त कतै मतदातालाई काममा सघाइरहेका छन् । जनताको आकांक्षा र आवाज सुनिरहेका छन्। चुनावी रौनकमा गीत संगीतसमेत मिसिएको छ । सामाजिक सञ्जाल, पत्रपत्रिका, अनलाइन र रेडियो–टेलिभिजनमा चुनावकै चर्चा छ। यसरी स्वच्छ, भयरहित एवं मित्रवत प्रतिस्पर्धाबाट जनप्रतिनिधि चयन हुने अभ्यासले लोकतन्त्रलाई अझ बलियो बनाउने छ ।

